# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

**प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गतका देहायका सेवा समूहका सहायकस्तर चौंथो तहका (अप्राविधिक/प्राविधिक) पदहरुमा कार्यक्षमता मूल्याङकनद्धारा हुने बढुवाको सूचना।**

**सूचना नं.:१७८/०८२-०८३** **प्रकाशन मितिः २०८२/१०/२३**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम देहायका पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्धारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२/११/२८ गते सम्म दरखास्त दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समूह | कार्यक्षमताको मूल्याङकनद्धारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १. | १७२/०८२-८३ | प्रशासन सहायक | चौथो | प्रदेश प्रशासन/सामान्य प्रशासन | २ |
| २. | १७३/०८२-८३ | प्रशासन सहायक | चौथो | स्थानीय प्रशासन/ सामान्य प्रशासन | ३१ |
| ३. | १७४/०८२-८३ | लेखा सहायक | चौथो | प्रदेश प्रशासन/लेखा | १ |
| ४. | १७५/०८२-८३ | लेखा सहायक | चौथो | स्थानीय प्रशासन/लेखा | २ |
| ५. | १७७/०८२-८३ | खानेपानी तथा सरसफाई टेक्निसियन | चौथो | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | १ |
| ६. | १७८/०८२-८३ | अमिन | चौथो | स्थानीय इन्जिनियरिङ्ग/सर्भे | २ |
| ७. | १७९/०८२-८३ | पशु सेवा प्राविधिक सहायक | चौथो | प्रदेश कृषि/ला.पो.डे.डे. | १ |
| ८. | १८०/०८२-८३ | सहायक पशु विकास प्राविधिक | चौथो | स्थानीय कृषि/ला.पो.डे.डे. | ३ |
| ९. | १८१/०८२-८३ | सहायक कृषि प्राविधिक | चौथो | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १०. | १८२/०८२-८३ | सहायक पशु स्वास्थ्य प्राविधिक | चौथो | स्थानीय कृषि/भेटेरिनरी | ४ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा सूचित गरिन्छ।

**दरखास्त दस्तुरः** रु. ४००/- (चार सय रुपैयाँ)

**दरखास्त दस्तुर बुझाउने स्थान:** राष्ट्रिय बाणिज्य बैंकमा रहेको एकल खाता कोषको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ।

**कार्यालय कोड:** २१०००४८०१५ (प्रदेश लोक सेवा आयोग)

**राजस्व शिर्षक नं.** १४२२४

**नोट:** कार्यक्षमता मूल्याङ्कनद्धारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

१. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३४ बमोजिम बढुवाको लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

२. जेष्ठताको गणना प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३६ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४४ बमोजिम हुनेछ।

३. बढुवाको लागि प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९ बमोजिमको योग्यता पुगेको र दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेको हुनुपर्नेछ तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४७ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

४. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ।

७. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३९(१)(ग) तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ४७ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

८. बढुवा सम्बन्धी अन्य व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० तथा स्थानीय निजामती सेवा ऐन, २०८१ र स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम हुनेछ।